# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३।०७।०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---

रेडियो प्रसार विकास समिति, रेडियो नेपालका तत्कालिन लेखा अधिकृत टोप बहादुर महतराले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सरकारी सेवामा नियुक्ति लिएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा निज टोप बहादुर महतराले राष्ट्रसेवक सह-लेखापाल पदमा २०५४/०३/१० मा स्थायी नियुक्ति लिने र २०६७/०४/०१ देखी लेखा अधिकृत पदमा बढुवा भै सो हैसियतले लाभ सुविधा पाउने उद्धेश्यले AN Singh College, Motihari, Bihar बाट IA तह उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी ओहोदामा नियुक्ति, बढुवा तथा लाभ सुविधा लिई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज टोप बहादुर महतरालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता